# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पनौती नगरपालिका, काभ्रेपलाञ्चोक

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

***Serving the Nation***

***and***

***the People***

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

visit nepal


(बागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: २०७६/०७७
च.नं 666

मिति: २०७७/०३/२५

श्री पनौती नगरपालिका,
काभ्रेपलाञ्चोक ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं ....
मिति: ....

# महालेखापरीक्षकको भनाई



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अखण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसंग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २५ गते ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


visit nepal

पत्र संख्या:२०७६।०७७ **(वागमती तथा गण्डकी प्रदेश महानिर्देशनालय)**

च.नं. ६९८

श्री नगर प्रमूखज्यू,

पनौती नगरपालिका, काभ्रेपलाञ्चोक ।

मिति: २०७७।०३।२५

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोकको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१६ करोड ५७ लाख ५६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१६ लाख ८२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९ करोड ८३ लाख १४ हजार, नियमित गर्नुपर्ने रु.६ करोड ५७ लाख ६० हजार, रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना उनान्तीस (२९) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन,२०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी बित्तिय बिबरण तयार गर्ने तथा जालसाँजी वा अन्य गल्तिका कारण बित्तिय बिवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

# पनौती नगरपालिकाको लेखापरीक्षण प्रतिवेदन

## आ.ब.२०७५।७६

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न पनौती नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत १२ वडा, ६४ मध्ये ६३ सभा सदस्य, ११८ व.कि.मी. क्षेत्रफल, ४६५९५ (२०६८ को गणनानुसार) जनसंख्या सहित वागमती प्रदेशमा अवस्थित छ । | |
| | लेखापरीक्षणको क्रममा औंल्याए पश्चात रु.१७२५०० असुल गरी सम्वन्धित राजस्व खातामा दाखिला गरिएको छ । | |
| १. | **स्थानीय संचित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पनौती नगरपालिकाले आर्थिक वर्ष २०७५।०७६ मा प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनको क्रममा भएका व्यय समेत समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । | |

| आय | | व्यय | |
|---|---|---|---|
| **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| गत वर्षको जिम्मेवारी | | खर्च तर्फ | |
| नगद मौज्दात | | संघीय सरकार सशर्त चालु खर्च | २१०२७९२३०.०७ |
| धरौटी | २८७२०.०० | प्रदेश सरकार सशर्त चालु | ३५०००००.०० |
| संचित कोष | ४५६९४६.९२ | प्रदेश सरकार पुजिगत | १४००००००.०० |
| बैंक | | प्रदेश सरकार समानिकरण अनुदान | ८४४३०००.०० |
| धरौटी | ७६९४७२६.७६ | पनौती नगरपालिका चालु खर्च | १६१४१८३७४.११ |
| संचित कोष | १२८५३१३५८.९५ | पनौती नगरपालिका पूजिगत खर्च | ३३४१८२१०५.३८ |
| अन्य विभिन्न कोषहरु | १५२९९१८०.५३ | वित्तिय व्यवस्था- ऋण तथा सांवा भुक्तानी | २६०९३५६.३६ |
| राजस्व (कर तथा गैरकर) | | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३५२११०९.३३ |
| सम्पत्ती कर | ९१९२७३३.४९ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ८५०००००.०० |
| भूमिकर (मालपोत) | २६०५९६.५० | सामाजिक सुरक्षा कार्यक्रम | ६९२९२४००.०० |
| घरबहाल कर | १८३५११८.६९ | प्रदेश तथा स्थानीय तह क्षमता विकास का. | ३०५०००.०० |
| पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ८११४४७.०० | धरौटी फिर्ता खर्च | २४४४३३४.९९ |
| व्यवसाय कर | १५७९८००.०० | प्रकोप व्यवस्थापन जिल्ला प्रशासन कार्यालय फिर्ता | १५६००००.०० |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त | २६८१३२६.५३ | जम्मा खर्च | ८२००५४९१०.२४ |
| अन्य कर/प्राकृतिक श्रोतसाधन | १७९१५९३४६.४१ | संघिय सरकार सशर्त अनुदान फिर्ता | १२३०७७६९.९३ |
| अन्य सेवा शुल्क | ८५९४२१.०० | जेष्ठ नागरिकसामाजिक सुरक्षा कार्यक्रम फिर्ता | ५१७६००.०० |
| अन्य प्रशासनिक सेवा शुल्क | १५११०८१.२३ | प्रधानमन्त्री रोजगार कार्यक्रम अनुदान फिर्ता | ६२०८९०.६७ |
| पार्किंग शुल्क | ९२४०००.०० | जम्मा फिर्ता | १३४४६२६०.६ |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| नक्सापास दस्तुर | ५४६४३२८.९४ | नगद मौज्दात | |
| सिफारिस दस्तुर | ३८९५९२१.७५ | कोष तर्फ | ३८१२४०.०८ |
| नाता प्रमाणित दस्तुर | ५२५३७९.०० | बैक मौज्दात | |
| प्रशासनिक दण्ड जरिवाना र जफत | १३७०४५८.७८ | संचित कोष तर्फ | २०८८८६३८२.२६ |
| अन्य राजस्व (सडक निर्माण तथा सम्भार लगायत) | ७७०८७८१७.५४ | ग-२-०१ खता | ३५२८०००.०० |
| बेरुजु | ११४११०.३७ | ग-२-२ खातामा | २००००.०० |
| अन्य श्रोतबाट प्राप्त बांडफांड नहुने रोयल्टी | ४४८७४८०.५० | ग-३ धरौटी हिसाब | ७३२३८३७.९० |
| घरजग्गा रजिष्ट्रेशन | ४७९७७०६०.५४ | विभिन्न ग-५ कोषहरु | २१५७४७४६.३७ |
| बांडफांड भई प्राप्त हुने मुल्य अभिबृद्धि कर | ६८६५४०८१.५५ | जम्मा मौज्दात | २४१७१४२०६.६१ |
| सवारी साधन कर | २१७११०८३.५० | | |
| संघिय सरकार | | | |
| वित्तीय समानीकरण | १३५६००००.०० | | |
| सशर्त अनुदान | २२२५८७०००.०० | | |
| प्रदेश सरकारबाट | | | |
| वित्तीय समानीकरण | ८४४३०००.०० | | |
| सशर्त अनुदान | १७५०००००.०० | | |
| समकुरक अनुदान | ९९४००००.०० | | |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ४१४२०००.०० | | |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ८५००००००.०० | | |
| जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | ६९८१००००.०० | | |
| प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५०००.०० | | |
| सडक बोर्डबाट प्राप्त | ५९५०५५९.०० | | |
| सामाजिक विकास मन्त्रालयबाट द्वन्द प्रभावित भत्ता वितरण | ३८६०००.०० | | |
| मालपोत कार्यालयबाट पर्व पूजाको लागि प्राप्त | ५८०००.०० | | |
| अन्य विविध आय (कर्मचारी कल्याण कोष) | ७८३५५६५.८४ | | |
| धरौटी आय | २०४४७२६.१३ | | |
| जम्मा : | १०७५२१५३७७.४५ | जम्मा | १०७५२१५३७७.४५ |

| | | |
|---|---|---|
| २. | **लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन् :** | |
| २.१ | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी सम्परीक्षण गराउनु पर्ने प्रावधान छ । कार्यालयले कानूनको प्रावधान बमोजिम आफ्नो आय र व्यय हिसावको आन्तरिक | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लेखापरीक्षण गराएको छैन । यसबाट आन्तरिक नियन्त्रणमा असर पर्न सक्ने अवस्था देखिन आयो । यसमा सम्वन्धित निकाय तथा पदाधिकारीले ध्यान दिई सुधार गर्नुपर्ने देखिन्छ । | |
| २.२ | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रक कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराएको Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले आफ्नो सबै कारोवारको लेखा SUTRA मार्फत सफ्टवेयरमा राख्नु पर्नेमा सो नगरी एक निजी सफ्टवेयर प्रयोग गरी राखिएको छ । | |
| २.३ | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन र प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । चेकलिष्टको आधारमा नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रर्याप्त नियन्त्रण भएको देखिएन । कार्यालयले सो अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा नल्याएबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन आयो । उक्त बिषयमा नगरपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । | |
| | • कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,<br>• अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ,<br>• योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,<br>• अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>• योजना हस्तान्तरण भएको छैन,<br>• राजस्वको श्रोत पहिचान गरेको छैन,<br>• प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>• राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>• अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>• राजस्वको रसिद नियन्त्रण खाता व्यबस्थीत राखेको छैन, आदि । | |
| २.४ | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता र परिपुरकता मिलाउने व्यवस्था छ । समितिले सो अनुरुप बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । | |
| २.५ | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडी वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| २.६ | **लक्ष्य प्रगतीको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । | |
| २.७ | **श्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्र भित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २.८ | **लक्षित समूह खर्च** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानून बमोजिम लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ। कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा नगरपालीकाले यस प्रकारका कार्यक्रममा खर्च गरेको देखिएकोले कानूनको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | |
| २.९ | **गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । निर्माण लगायत सबै प्रकारको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| २.१० | **अभिलेख अद्यावधिक :** स्थानीय सरकार संन्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने प्रावधान छ । कार्यालयले नगर सभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिएन । खर्च भुक्तानीको गौश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा भुक्तानी दिने गरेको छ । जसले गर्दा कुन कार्यक्रम वा योजना नगर सभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ । स्वीकृत मध्ये कुन कुन कार्यक्रम सम्पन्न हुन सकेन र सभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन । | |
| २.११ | **लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि एक निजी सफ्टवेयर प्रयोग गरी लेखा राखिएको, संघिय तथा प्रदेश सरकारले दिएको शशर्त, समानिकरण, विशेष लगायत सबै प्रकारका खर्चको लेखा र श्रेस्ता एकमुष्ठ रुपमा राखेको, जिम्मेवारी यकिन नभएको, जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोड जम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८, १०८(क) र (ख), १०९ र २३ जस्ता खाता व्यवस्थीत नराखेको, आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगती विवरण तयार नगरेको जस्ता व्यहोरा देखियो । यसमा सम्वन्धित पक्षको ध्यान जानु आवश्यक छ | |
| ३. | **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षाण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानीय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ । नगरपालीका कार्यलय, १२ वटा वडा कार्यालय र विषयगत शाखा कार्यालयको छुट्टा छुट्टै जिन्सी खाता रहेको पाइयो । विगत गा.वि.स. र न.पा.वाट हस्तान्तरण भै आएका जिन्सी समान समेत नगरपालीकाको जिन्सी खातामा आम्दानी बाधेको देखिएन । वडा कार्यालयहरुवाट खर्च गरी किनिएको सामानहरु र नगरपालीकावाट भुक्तानी हुनेगरी खरिद गरिएको कतिपय सामान सम्वन्धीत विषयगत शाखा तथा वडाको जिन्सी खातामा आम्दानी बाधेको जनाएकोमा पेश हुन नआएबाट परीक्षण गर्न सकिएन । कार्यालय, वडा तथा विषयगत शाखाले खरिद गरिएका सामान कतिपय खरिदमा खरिद आदेश नम्बर र दाखिला रिपोर्ट नम्बर समेत उल्लेख गरेको देखिएन । खरिद गरिएका सामानको जिन्सी खातामा आम्दानी जनाउदा कुनै आइटम छुटाउने, घटी वा बढी परीमाणमा आम्दानी बाध्ने आदि जस्ता कार्य गरेको देखियो । तसर्थ जिन्सी सम्पतिको सम्वन्धमा यथार्थता यकीन गरिनु पर्ने देखियो ।<br>उदाहरणको लागि भौ.नं.३०६/२०७५/१२/१५ दाखिला रिपोर्ट न.६८ वाट ५ थान डेल कम्प्युटर खरिद गरेकोमा १ थान र १ थान ल्यापटप खरिद गरेकोमा ५ थान आम्दानी बाधेको देखियो । भौ.नं.४८६।२०७६।०२।०१ वाट ७ थान पल्सर मोटर साईकल खरिद गरेकोमा आम्दानी जनाउदा १० थान जनाएको देखियो । | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **पूंजीगत खर्च तर्फ :** नगरपालिकाको कार्यालयले उपलब्ध गराएको विबरण अनुसार योवर्ष गरेको पूंजीगत खर्च रु.३५६३२५१०५।३८ को परीक्षण गर्दा देखिएका व्हिोरा निम्नानुसार छन् । | |
| ४. | **उपभोक्ता समितिबाट गराएको काम :** कार्यालयले योवर्ष गरेको पूंजीगत खर्चको अधिकाशं निर्माण कार्य उपभोक्ता समितिहरुबाट गराएको छ । जसमा निम्नानुसार देखियो । | |
| ४.१ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानून अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था छन् । कुल लागत रु.१ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ ।<br>मोटर बाटो खन्ने तथा चौडा गराउने, विभिन्न भवन निर्माण गर्ने लगायतका भौतिक पूर्वाधारका कार्य, कृषि, पशु, स्वास्थ्य, शिक्षा तथा जनचेतना र सशक्तिकरण लगायत सामाजिक, आर्थिक र भौतिक पुर्वाधार क्षेत्रका विभिन्न कार्यमा रकम खर्च गर्दा अधिकाशं कार्य उपभोक्ता समिति मार्फत गराउने गरेको छ । मोटरबाटो लगायत अधिकांश कार्यमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभिमेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । हेभि मेशिन प्रयोग गर्दा धेरै जसो कार्यमा उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गरिएको छ । धेरैजसो निर्माण कार्य उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । अधिकांश योजनामा विनियोजित रकमको २० प्रतिशतसम्मको हाराहारीमा जनसहभागिताको अंश राखी सोही बमोजिम कार्य गराइएको छ भने केहि थोरै योजनामा सोभन्दा बढी जनसहभागिताबाट कार्य गराएको देखियो । उपभोक्ता समितिबाट गरिएका अधिकांश निर्माण तथा अन्य कार्यको नापी किताव, ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदनमा काम शुरु, सम्पन्न र फरफारक गरेको मिति र अवधि खुल्ने गरेको छैन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानीय तहले यस प्रकार संचालन भएका योजनाको अभिलेख अद्यावधिक गरेको पाइएन ।<br>जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने, योजना कार्यन्वयनमा जनसहभागिता र अपनत्व बृद्धि नगर्ने, खर्च सार्वजनिक नगर्ने जस्ता कानूनमा उल्लेख भएका प्रावधानको पालना नगरेको प्रति सम्वन्धित प्राविधिक, कार्यालय तथा पदाधिकारीले समेत ध्यान दिएको देखिएन । उपभोक्ताले गर्ने जनसहभागिताको कार्यमा न्यून अंश मात्र कार्य हुने गरेको देखिएको हुदा श्रममुलक कार्यमा उपभोक्ताको तर्फबाट गरिने कार्यको अंशमा बृद्धि गरि योजनाको स्वामित्व र लागत प्रभावकारितामा बृद्धि गर्नुपर्ने देखियो । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानूनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ । | |
| ४.२ | **भुक्तानीको सिफारिस :** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यको भुक्तानी गर्दा अधिकाशंमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी विनियोजित बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । तर वडा स्तरिय अनुगमन समितिले अनुगमन गर्ने र सिफारिस गर्ने गरेको देखिन आएन । यसवाट तोकिए बमोजिमको | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिन आएन । | |
| ४.३ | **सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। विभिन्न सडक, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास लगायत कार्यक्रमको सार्वजानिक सुनवाई गरेको भएपनि सार्वजनिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको अत्यन्त न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ । | |
| ४.४ | बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्था रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्ति भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक निर्माण कार्यको लागी समेत फरक उपभोक्ता समितिहरु गठन गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार दखिएन । यसमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नु पर्दछ । | |
| ४.५ | **अनुगमन समिति :** नगरपालिका उपमेयरज्यूको संयोजकत्वमा रहेको अनुगमन समितिले केही निर्माण कार्यको अनुगमन गरी सिफारिस गरेको जनाएता पनि लेखापरीक्षणमा अनुगमन प्रतिवेदन पेश हुन आएन । कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी र सुधारका विषय उल्लेख गरी सबै योजनाको योजना वाइज देखिने गरी समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ । | |
| ५. | **आयोजना व्यवस्थापन खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) संग सम्वन्धित अनुसूची १ मा निर्माण कार्यको लागतमा २ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च समेत कन्टिन्जेन्सी स्वरुप ४ प्रतिशत समावेश गर्न सकिने व्यवस्था छ । नेपाल सरकार, अर्थ मन्त्रालयको च.नं. ९६२ मिति २०७०।०१।२४ को पत्र अनुसार कार्यालय, आयोजनाले खर्च गर्ने ४ प्रतिशत कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत पूंजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने अर्थात चालु र पूंजीगत खर्चको अनुपात २:२ हुनुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा उपलव्ध गराइएको विबरण अनुसार योवर्ष कार्यालयले विनियोजित पूजिंगत वजेटको २.५ प्रतिशतका दरले रकम छुट्याई सो मध्येवाट आयोजना व्यवस्थापन खर्च (कन्टिन्जेन्सी खर्च) रु.५९४२५१६ लेखेको छ । यसरी खर्च लेखेको रकमको योजना तथा कार्यक्रमगत अभिलेख अद्यावधिक गरेको छैन । जसको परीक्षण गर्दा निम्नानुसार देखियो । | |
| ५.१ | कार्यालयले आयोजना व्यवस्थापन खर्च इन्धन, मर्मत, कार्यालय सम्वन्धी खर्च, दैनिक ज्यालादारी, भ्रमण, बिज्ञापन तथा सुचना, बिबिध र अन्य खर्च आदिमा खर्च लेखेको छ । निर्माण कार्यको योजना पिच्छे प्रत्येक बर्षको छुट्टा छुट्टै खाता राख्नु पर्नेमा आयोजना व्यवस्थापन खर्चको छुट्टै खाता र अभिलेख राखेको पाइएन । खर्च रकम लागत अनुमानको ४ प्रतिशतको सीमा भित्र रहे पनि स्टाफ खर्च र अन्य खर्च अन्तरगत के कस्ता शीर्षकमा खर्च गर्न मिल्ने हो वर्गीकरण गरी राखेको पाइएन । नियमावलीमा कन्टिन्जेन्सी खर्चलाई लागत अनुमानसंग आवद्ध गरेकोले प्रत्येक वर्षको योजना तथा कार्यक्रम र ठेक्का पिच्छे आयोजना व्यवस्थापन खर्चको अभीलेख राख्नुपर्नेमा सो वमोजिम नगरी बजेट खर्चको आधारमा खर्च गर्ने गरेको पाइयो । जुन योजना तथा कार्यक्रमको लागि आयोजना व्यवस्थापन खर्च भएको हो सोही योजना तथा कार्यक्रमसंग आवद्ध गरी शुरुदेखि अन्त्यसम्मको खर्चको अभिलेख राख्नु पर्दछ । आयोजना व्यवस्थापन खर्च गर्दा स्पष्ट कार्यबिधि बनाई खर्च गरिनु पर्दछ । | |
| ५.२ | प्रशासनिक कार्य गर्नको लागि चालु खर्च शिर्षकमा अलग्गै बजेट व्यवस्था भएकोमा निर्माणसंग सम्वन्धित कार्यमा खर्च गर्नुपर्ने कन्टिन्जेन्सीबाट सबै किसिमको प्रशासनिक कार्यमा खर्च भएको देखिएकोले नियमित बजेट विनियोजन हुने प्रशासनिक कार्यमा योजनाको लागतमा समाबेश हुने गरी | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कन्टिन्जेन्सीबाट खर्च गर्नु कानून सम्मत देखिएन । उक्त कार्य म.ले.नि.का.को खर्च संकेत बर्गिकरण र व्याख्या बिपरीत समेत देखियो | |
| ६.१ | **लज्जावती शहिद पार्क निर्माण :** कार्यालयले लज्जावती शहिद पार्क निर्माण उपभोक्ता समितिलाई पार्क निर्माण कार्यको रु.६३३७५०० (कन्टिन्जेन्सी बाहेक) भुक्तानी गरेको श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् : | |
| ६.१.१ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिनेछ । उपनियम (२) मा काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यबस्था छ । नियमावलीको उपनियम (३) २ (ख) मा सार्वजनिक निकायले सम्बन्धित कार्यको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण गर्ने सम्बन्धी व्यबस्था छ । नगरपालिकालाई यो बर्ष स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम अर्न्तगतका योजना मध्ये लज्जावती शहिद पार्क निर्माण कार्यको जिम्मेवारी लज्जावती शहिद पार्क निर्माण उपभोक्ता समितिलाई दिएकोमा पार्कको डिजाइन गर्ने कार्य कार्यालयबाट हुनुपर्नेमा उक्त कार्य पनि उपभोक्ता समिति मार्फत गर्ने गरी लागत अनुमान तयार गरी सोही बमोजिम उपभोक्ताले IDEA Consultant Pvt.Ltd संग कार्य गरी रु.२२६००० भुक्तानी गरेको देखिएकोले कार्यालयबाट सम्पन्न हुनुपर्ने कार्य उपभोक्ता समिति मार्फत भएकोले अनियमित देखिएको रु.. | २२६००० |
| ६.१.२ | **लागत अनुमान र सम्झौता :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उप दफा (१) मा सार्वजनिक निकायले खरिद गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद बिधि र उपदफा (२) मा यो ऐन र नियमावली बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ। कार्यालयले लज्जावती शहिद पार्क निर्माण उपभोक्ता समितिलाई पार्क निर्माण कार्यका लागि एउटै उपभोक्ता समितिलाई २ पटक लागत अनुमान तयार गरी सोही बमोजिम मिति २०७५।१०।२१ मा पहिलो र मिति २०७६।०२।१५ मा दोश्रो गरी २ पटक सम्झौता गरेको देखियो । कार्यालयले खरिदको एकमुष्ट प्याकेजबाट प्रतिस्पर्धा गराउनु पर्नेमा सो बमोजिम नगरी टुक्रा गरेर गरेको कार्य ऐन बिपरित हुन गएको छ र खरिद कार्य मितव्ययी भयो भन्ने अवस्था देखिएन । यसमा सम्वन्धित निकायले ध्यान दिई आगामी दिनमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| ६.१.३ | **नापी भन्दा बढि भुक्तानी :** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १२३ (१)ख अनुसार खरीद सम्झौता अनुसार सार्बजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राबिधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ । कार्यालयले लज्जावती शहिद पार्क निर्माण उपभोक्ता समितिलाई पार्क निर्माण कार्य अर्न्तगत भौ नं ६२२।२०७६।०३।३१ बाट रु.१८५४११९ भुक्तानी गर्दा आइटम नं ७ को RCC Work नापी किताबमा ७.३ घ.मी गरेको देखिएकोमा उपभोक्तालाई भुक्तानी हुने बिल र कार्य सम्पन्न प्रतिबेदनमा ११.०३ घ.मी गरेको देखाई प्रति घ.मी रु.१७०१५.६ का दरले रु.१२४२१३ भुक्तानी दिएको देखिएकोले नापी मूल्यांकन भन्दा बढी भुक्तानी भएको ३.७३ घ.मी को रु.६३४६८ को लागत साझेदारी अनुसार २०% रु.१२६९३ घटी गरी रु.५०७७५ असुल हुनुपर्ने रु. | ५०७७५ |
| ६.३ | **अघिल्लो आर्थिक बर्षको भुक्तानी :** ७८।२०७५।०८।१३ कार्यालयले नगरपालिकाको न्यायिक कार्य सम्पादनको लागि इजलास हलमा बोर्ड पार्टेशन गर्ने कार्य गरेबापत लक्ष्मी स्टील तथा सूर्य चन्द्र फर्निचर उद्योग बनेपालाई रु.४९७२७९ भुक्तानी गरेकोमा उद्योगले मिति २०७५।०३।२६ को बीजक नं २३४ बाट भुक्तानी माग गरेको देखिएकोले अघिल्लो आर्थिक बर्षमा फर्मलाई भुक्तानी दिन बाँकी भए नभएको सम्बन्धमा अभिलेख पेश हुन नआएकोले पेश हुनुपर्ने रु. | ४९७२७९ |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६.४ | **बढी दरमा भुक्तानी :** नगरपालिकाले निम्नानुसारका आयोजनाको निम्नानुसारको कार्य गर्दा दर बिष्लेषण निम्नानुसार रहेकोमा निम्न परिमाणमा तपशील बमोजिम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी रकम असूल हुनुपर्ने रु. | ५५३५४७ |

| भौ नं मिति | आयोजनाको नाम | कामको बिबरण | दर बिष्लेषण | भुक्तानी | बढी दर | परिमाण घ.मी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ४९३.२०७६.०२.२७ | खहरेखोला देबिस्थान सडक स्तरउन्नती कार्य वडा नं ६ | १:४ मसलामा ढुंगाको गाह्रे गलाउने कार्य | १०८६१. | ११०७४. | ३९३.४७ | १७१.१२ | ६७३३०. |
| ४९१.२०७६.०२.२७ | नागेचौर खेल मैदान निर्माण वडा नं ९ | १:६ मसलामा ढुंगाको गाह्रे गलाउने कार्य | १०५६८.४६ | १०७७१.५७ | २०३.११ | ९७.२४ | १६१५५. |
| ६५४.२०७६.०३.३१ | जेष्ठ नागरीक पार्क वडा नं ३ | सुक्खा माटोको गाह्रे लगाउने कार्य | ५१२९.३६ | ५६२०.४५ | ४९१.०९ | ६८.१८ | ३३४८२. |
| ६६०.२०७६.०३.३१ | बस्नेत गाउँ बाटो स्तरउन्नती कार्य वडा नं ३ | १० सि मी ग्राभेलिङ गर्ने कार्य | ३४५.२६ | ३५२.४२ | १०.२६ | १२६२.४ | ९०३२. |
| ६६८.२०७६.०३.३१ | रयाले बाल उद्यान वडा नं १ | १:४ मसलामा ढुंगाको गाह्रे गलाउने कार्य | १०५६८.४६ | १०७७१.५८ | २०३.१२ | ४१ | ८३२७. |
| ५९२.२०७६.०३.२६ | शहिदपार्क निर्माण कार्य वडा नं १ | Stone soling with sand | ८२८० | ८५२७.५८ | २४७.५८ | ३१.३३ | ७७५६. |
| | | १:६ मसलामा ढुंगाको गाह्रे गलाउने कार्य | १०८३६.५४ | ११०११.६३ | १७५.०९ | ५५६.९६ | ९७५१८. |
| बिभिन्न | लज्जाबती शहिद पार्क निर्माण वडा नं ८ | १:४ मसलामा ढुंगाको गाह्रे गलाउने काय | ११७३० | ११८३९.८५ | १०९.६ | १३७.०४ | १५०१९. |
| | | पी सी सी १:२:४ ढलान गर्ने काम | १३७८१.३६ | १५०४९.४१ | १२६८.०५ | १२.३९ | १५७११. |
| | | १:४ मसलामा ढुंगाको गाह्रे गलाउने कार्य | १०५६८.४६ | ११७९१.३८ | १२२२.८४ | १०७.९१ | १३१९५६. |
| | | Stone masonary work 1:4 | १०९६४.४४ | ११८३९.८५ | ८७५.४ | १७२.७९ | १५१२६१. |
| | | | | | | जम्मा रु. | ५५३५४७ |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६.५ | **कार्यालय भवन तल्ला थप :** नगरपालीका कार्यालयको तला थप गर्ने कार्यको लागि निर्माण व्यवसायी युनिभर्सल निर्माण सेवासँग कबोल अंक रु.८७८८५९६।३८ (मु.अ.कर समेत) को सम्झौता मिति २०७५ असार १० गते भई कार्य सम्पन्न गर्ने अवधि २०७५।०३।२९ सम्म अर्थात १९ दिन तोकिएको थियो । मिति २०७५।०४।०३ गते प्रथम पटक ५ महिना, मिति २०७५।०९।२५ गते दोश्रो पटक ३ महिना र २०७६ असोज ९ गते तेश्रो पटक २०७६ असोज मसान्तसम्म अवधि थप भएको देखियो । आर्थिक वर्ष २०७५।०७६ मा रु.४८१४२९०।८७ को कार्य गरी भुक्तानी भएकोमा तत् पश्चात २०७६ असोज १९ सम्ममा जम्मा रु.७२४२८०४।७९ (मु..अ.कर सहित) को कार्य गरी ठेक्का अन्त्य गरेको देखियो । जसमा देहाय अनुसार छ । | |
| ६.५.१ | दोश्रो पटक थप भएको अवधि २०७५।११।२८ सम्ममा निजले निर्माण कार्य सम्पन्न गरेको देखिएन । उक्त अवधिमा निज निर्माण व्यवसायी सम्पर्क विहिन भएको भनि अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७६।०२।१३ गते सम्पर्कमा आउने सम्वन्धी सार्वजनिक सुचना प्रकाशित भएको देखियो । तत् पश्चात २०७६ असोज ९ गते कार्यपालीकावाट निजलाई पुन: तेश्रो पटक २०७६ असोज मसान्तसम्म अर्थात शुरु सम्झौता अवधिको २२९५ प्रतिशत अवधि थप गरिएको छ । यसप्रकार शुरु सम्झौता गर्दा घरको तला थप गर्ने जस्तो प्राविधिक रुपले जटिल र धेरै समय लाग्ने कार्यलाई जम्मा १९ दिन कार्य अवधि दिई सम्झौता गरेको छ । तत्पश्चात निर्माण व्यवसायिको काबु बाहीरको परिस्थती बेगर समेत विना हर्जना पटक पटक गरी २२९५ प्रतिशतसम्म थप अवधि दिने गरी कार्यपालीकाले निर्णय गरेको कार्यलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० सम्मत भएको भन्न सकिने देखिएन । तसर्थ यसमा यथार्थता यकिन गरिनु पर्ने देखिएको रु.... | ४८१४२९० |
| ६.५.२ | यसरी अन्त्य गरिएको ठेक्कामा सम्झौताको ८२.४१% अर्थात रु.७२४२८०४।७९ वरावरको कार्य गरी ठेक्कालाई फाइनल गरिएको छ । उक्त कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजीम नियमानुसार भेरीएसन आदेश स्वीकृत गराएर कार्य समपन्न गराउनु पर्नेमा सो गरेको नदेखिदा सम्वन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ । | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६.६ | **खानेपानी तर्फ :** गौ.भौ.नं.६१५/२०७६/०३।३१ बाट काभ्रे उपत्यका एकिकृत खानेपानी आयोजना समपुरक कोष खर्च भनि काभ्रे उपत्यका एकिकृत खानेपानी आयोजनालाई रु.१ करोड ५० लाख चेक मार्फत पठाई बजेट खर्च लेखेको छ । यसरी रकम पठाउन मिल्ने सम्वन्धमा नेपाल सरकार, ADB, नगरविकास कोष, पनौती नगरपालिका, बनेपा नगरपालिका र धुलीखेल नगरपालिका विच भएको सम्झौता पेश हुन आएन । समपुरक कोष भनि उपलब्ध गराएकोमा उपलब्ध गराएको रकम के प्रयोजनमा खर्च भयो सोको पुष्ट्याई समेत पेश हुन नआएकोले पेश हुनुपर्दछ । | |
| ६.७ | **उपभोक्ता समुहबाट सामान खरिद :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७३ को खर्च गर्ने अख्तियारी र कार्यविधि सम्वन्धी व्यवस्थाको उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २(६) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिले कुनै निर्माण कार्यको निर्माण, संचालन, मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समीति सम्झनु पर्ने र नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य मात्र गराउन सक्ने देखिन्छ । नगरपालिकाले १८ वटा खानेपानी आयोजनालाई आवश्यक पर्ने रु.९७२६७४० मुल्य बराबरका पाइप, फिटिगंस लगायतका सामागी खरिद समेतको उपभोक्ता समितिहरुसंग निर्माण कार्यको सम्झौता गरी सोही अनुसार निर्माण कार्य गर्दा सामान समेत खरिद गरेको छ । यसरी नियमावली विपरित उपभोक्ता समिति वा लाभग्राही समुहको माध्यमबाट विभिन्न किसिमका सामान खरिद गरेको कार्यलाई नियमसम्मत भन्न मिल्ने नदेखिएको रु.. | ९७२६७४० |

| विवरण | जम्मा भुक्तानी | भुक्तानी मध्ये सामाग्री खरिद | कैफियत |
|---|---|---|---|
| १८ वटा खा.पा. आयोजना | ९७२६७४० | धेरैजसो रकम पाइप फिटिङ्गस लगायतको सामाग्रीहरु खरिद | एउटै सामान फरक उ.स.ले खरिद गर्दा समेत फरक फरक दररेटमा सोझै प्रतिस्पर्धा वेगर खरिद गरेको छ । |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
८.२.२ **आर्थिक सहायता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकाको काम, कर्तव्य र अधिकार तोकेको छ । कानुनमा वितरणमुखी कार्यक्रम भन्दा विकासात्मक गतिविधि तर्फ नगरपालिकाको स्रोत परिचालन हुनपर्ने उल्लेख छ। नगरपालिकाले तोकिएको अवधिमा आर्थिक सहायता दिन मिल्ने व्यवस्था भएको देखिदैन । दफा १६ को उपदफा (४)(१)क नगर प्रमुखको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थामा नगर प्रमुखले आर्थिक सहायता दिनसक्ने अधिकार रहेको छैन । दफा ७३ को खर्च गर्ने अख्तियारी र कार्यविधि सम्वन्धी व्यवस्थाको उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ। नगरपालिकाले योवर्ष १७२ जनालाई प्रति व्यक्ति रु.१० हजारका दरले विभिन्न रोगको उपचार गर्न भनि जम्मा रु.१७२०००० आर्थिक सहायता र सहयोग स्वरुप उपलब्ध गराइ भुक्तानी खर्च लेखेको छ । यसरी उपलब्ध गराउदा अधिकाशंमा नगर प्रमुखको तोक आदेश अनुसार उपलब्ध गराएको देखियो। यस प्रकार आर्थिक सहायता र सहयोग उपलब्ध गराएको रकम कानुन सम्मत भयो भनि भन्न मिल्ने देखिएन ।

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९. | **मर्मत अभिलेख खाता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(३) बमोजिम गाडि मर्मत गर्नुपर्दा मर्मत सम्भार गर्ने कार्यविधि पुरा गरी म.ले.प.फा.नं.२ अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष सवारी साधन मर्मत खर्च शीर्षकमा रु.१७५३८५६ खर्च लेखेकोमा मर्मत अभिलेख खाता राखेको भएता पनि यो बर्षको खर्चको अद्यावधिक रुपमा अभिलेख राखेको देखिएन । यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ । | |
| ९.१ | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा नगर सभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। ऐनमा भएको व्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु.८०२३००० सुविधा वापत भुक्तानी भएको व्यहोरा प्राप्त विबरणबाट देखियो । | |

| विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष १२ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४० जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३५००० | ३०००० | २१००० | ७००० | ६००० | ९९००० |
| संचार सुविधा | २००० | १५०० | १००० | - | - | ४५०० |
| जम्मा रु | ४७९००० | ४०८००० | ३२८८००० | ७२८००० | ३१२०००० | ८०२३००० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९.२ | **पदाधिकारीको पोशाक खर्च :** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधाको सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन २०७५।१।२० गते प्रदेश ३ को राजपत्रमा प्रकाशित गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधा सम्बन्धी ऐन २०७५ बनाएको छ । ऐनको दफा ३ मा पदाधिकारीले आफू निर्बाचित भई अनुसूची २ बमोजिमको पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिदेखि स्थानीय तहका प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष, वडाध्यक्ष तथा सदस्य लगायतका पदाधिकारीले अनुसूची १ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा मासिक पारिश्रमिक सुबिधा पाउने व्यबस्था छ । जस अनुसार ऐनले तोकेको रकम भुक्तानी दिनु पर्नेमा नगरपालिकाले ६३ जना पदाधिकारीलाई २०७५ सालको पोशाक खर्च प्रति व्यक्ति रु.१०००० का दरले ६३ जनाको रु.६३०००० भुक्तानी गरेको देखिएको छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधा सम्बन्धी ऐन, २०७५ मा उक्त रकम भुक्तानी सम्बन्धमा व्यबस्था नभएकोले उक्त ऐन बिपरित भुक्तानी भएको रकम अनियमित देखिएको रु.. | ६३०००० |
| ९.३ | **बैठक भत्ता :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मिति २०७५/०१/२० मा प्रमाणीकरण भएको र ऐनको दफा ३ ले स्थानीय तहका पदाधिकारीले आफू निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेको छ। ऐनको दफा ४ ले पदाधिकारी र कर्मचारी बाहेकका सदस्य र सभाका सदस्यले न्यायिक समिति वा कुनै समितिको बैठकमा भाग लिए वापत अनुसूची १ मा उल्लेख भए बमोजिमको बैठक भत्ता वापतको रकम पाउने व्यबस्था छ । अनुसूची १ मा इजलाशको बैठक, विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यलाई बढीमा १२ वटा बैठकको लागि रु.५००। का दरले बैठक भत्ता तोकेकोमा नगरपालिकाले तपशील बमोजिमको बैठक भत्ता प्रति व्यक्ति रु.१५०० का दरले निम्नानुसार भुक्तानी गरेकोले भुक्तानी गर्ने आधार नदेखिएको रु. | ४७१०००० |

| नगरपालिका / वडा | बार्षिक बैठक संख्या | उपस्थित संख्या | प्रति बैठक दर | रकम |
|---|---|---|---|---|
| नगर कार्यपालिका | ३१ | ७८३ | १५०० | ११७४५०० |
| बडा नं १ | ३६ | १७९ | १५०० | २६८५०० |
| बडा नं २ | ३३ | १७९/- | १५०० | २६८५०० |
| बडा नं ३ | ३२ | १९२/- | १५०० | २८८००० |
| बडा नं ४ | ३३ | १९८/- | १५०० | २९७००० |
| बडा नं ५ | ३२ | १९२/- | १५०० | २८८००० |
| बडा नं ६ | ३३ | १९८/- | १५०० | २९७००० |
| बडा नं ७ | ३३ | १९८/- | १५०० | २९७००० |
| बडा नं ८ | ३३ | २०३/- | १५०० | ३०४५०० |
| बडा नं ९ | ३५ | २१०/- | १५०० | ३१५००० |
| बडा नं १० | ३४ | २३७/- | १५०० | ३५५५०० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं. मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>बडा नं ११</td><td>३३</td><td>१९८/-</td><td>१५००</td><td>२९७०००</td></tr>
<tr><td>बडा नं १२</td><td>३३</td><td>१७३/-</td><td>१५००</td><td>२५९५००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४७१००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>९.४</td><td>नगरसभा सुबिधा : नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीलाई नगर सभा सुबिधा शीर्षकमा रु.३८५५७०५ खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्य सम्पादनमा आधरित भएर भुक्तानी भएको हो भन्ने खुल्दैन । स्पष्ट आधार रं कार्यविधि विना नियमावलीमा उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको रकम अनियमित देखिएको रु.</td><td>३८५५७०५</td></tr>
<tr><td>९.५</td><td>कानूनी सल्लाहकार नियुक्ती : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) अनुसार नगरपालिकाले प्राविधिक, वडा कार्यालय सहायक, कार्यालय सहयोगी, चौकीदार आदि प्रतिस्पर्धाको आधारमा सेवा करार लिनु पर्ने व्यवस्था छ। नगरपालिकाले सो ऐन बिपरीत १ जना कानूनी सल्लाहकार २०७६।०२।२० देखि लागु हुने गरी नियुक्त गरी रु.४७६५६.२५ तलब खर्च भुक्तानी गरेको पाइयो। नगरपालिकाले कार्यविधि नवनाई कानून विपरित कानूनी सल्लाहकार राखेको नियमसम्मत नदेखिएको हुदा असुल हुनुपर्ने रु.</td><td>४७६५६</td></tr>
<tr><td>९.६</td><td>बढी भुक्तानी : ७५/२०७५/०६/२९ आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका बील भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । नगरपालिकाले सवारी साधन मर्मत खर्च शीर्षकमा ना.सु. रामकाजी सुवाललाई रु.३४३७० भुक्तानी दिएको देखिएकोमा रु.२८७७० को बील पेश भएकोले बढी भुक्तानी रु.५६०० असूल हुन पर्ने रु..</td><td>५६००</td></tr>
<tr><td>९.७</td><td>पेश्की फछ्यौट : ५९३।२०७५।०३।३१ नगरपालिकाका खरिदार केशब कर्माचार्यले नगर सभा तथा नगर कार्यपालिकाको बैठक संचालनका लागि लिएको पेश्की रु.३००००० फछ्र्यौट गर्दा सोधभर्ना भुक्तानी रु.३५९२५ गरेको श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>९.७.१</td><td>पारिश्रमिककर : आयकर ऐन, २०५८ अनुसार कुनै पनि भुक्तानीमा १५% पारिश्रमिक कर कट्टी गरि भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । केशब कर्माचार्यले पेश्की फछ्यौट गर्दा भत्ता बापत वितरण गरेको रकममा कट्टी गरेको कर रु.३०७५० बैंक दाखिला भएको नदेखिएकोले असुल गरि दाखिला गर्नु पर्ने रु.</td><td>३०७५०</td></tr>
<tr><td>९.७.२</td><td>बढी खर्च : आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका बील भरपाई सहितको लेखा राख्नु पर्ने व्यबस्था छ । नियमावलीको नियम ३६ (८) मा कुनै रकम भुक्तानी दिँदा रीतपुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले केशब कर्माचार्यले नगरसभा र कार्यपालिकाको बैठक संचालनका लागि लिएको पेश्की फछ्र्यौटमा भत्ता बितरण गर्दा भरपाई नभएको रु.८९२५ (कर बाहेक) तथा कूल रकममा बील भरपाई नपुग रु.१५०० समेत रु.१०४२५ बढी खर्च लेखेको देखिएकोले असूल हुनु पर्ने रु.</td><td>१०४२४</td></tr>
<tr><td>९.८</td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहले परिषद्बाट कार्यक्रम र बजेट स्वीकृत गराई मात्र अधिकार प्राप्त अधिकारीले खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न मूलुकमा बैदेशिक रोजगारीमा गएको बिबरण संकलन र बिश्लेषण गरी अद्याबधिक गर्ने कार्यका लागि चियर नेपाल प्रा.लि.लाई मिति २०७६।०२।१७मा सम्झौता गरी रु.५००००० भुक्तानी दिएको देखिएको छ। संस्थाको संसोधित बिधान २०७३ को बुँदा नं (ङ) मा संस्थाको उद्येश्य बैदेशिक रोजगारीलाई व्यबस्थित गर्न मुनाफा रहित जनहितकारी सामाजिक संस्थाको रुपमा रही बिभिन्न कार्यक्रम संचालनका लागि सहयोग गर्ने रहेको उल्लेख छ। उक्त गैर सरकारी संस्थाको PAN दर्ता प्रमाण पत्रमा अन्य सामाजिक तथा सामुदायिक सेवाहरु गर्ने उद्धेश्य अनुरुप दर्ता भएको देखिएकोले उद्येश्य अनुरुप कार्य संचानल भएको नदेखिएकोले उक्त कार्यक्रम परिषदबाट स्वीकृत भएको नदेखिएकोले अनियमित भएको रु.</td><td>५०००००</td></tr>
<tr><td>९.९</td><td>क्षतिपूर्ती : ७७।२०७५।०८।१२ एकीकृत खानेपानी योजना संचालनका क्रममम वडा नं १२ पचारे दोभान क्षेत्रको सडक छेउ रहेको यज्ञ बिक्रम के.सी.को घर चर्की मर्मत संभार नगरी नहुने अवस्था रहेको भनि सोका लागि प्राबिधिकबाट लागत अनुमान तयार पारेको आधारमा क्षतिपूर्ती रु.३२०००० उपलब्ध गराएको देखिएको छ ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९.१० | **खर्चको बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ उपनियम (३) मा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने प्रावधान छ। नगरपालिकाले बजेट रकम नं २६४१३ अन्य संस्थालाई अनुदान सशर्तबाट निम्नानुसारका संस्थालाई देहाय बमोजिको रकम निकासा गरेको देखिएकोमा खर्चका बिल भरपाई लेखापरीक्षणको लागि पेश हुन नआएकोले सर्त बमोजिमका बील भरपाई पेश हुनु पर्ने रु. | ४९००००० |

| भौ नं मिति | अनुदान प्राप्त संस्था | कार्य | रकम |
|---|---|---|---|
| २३२/२०७५/११/१० | पनौती त्रिवेणीधाम सरसफाई संघ, पनौती | सरसफाई तथा पार्क व्यबस्थापन | ३००००० |
| ३३८/२०७६/०१/०३ | तेजगंगा बहुमुखी क्याम्पस पनौती बडा नं ८ मल्पी | सामुदायिक क्याम्पस संचालन अनुदान | १५००००० |
| ३३८/२०७६/०१/०३ | कुशादेबी क्याम्पस पनौती बडा नं २ कुशादेबी | क्याम्पसको कक्षाकोठा निर्माण संचालन अनुदान | १५००००० |
| ३३८/२०७६/०१/०३ | ईन्द्रेश्वर क्याम्पस पनौती बडा नं ७ | कम्प्यूटर ल्याब सहित बिभिन्न मेशीनरी औजार खरिद अनुदान | १५००००० |
| ५९६/२०७६/०३/२७ | ज्ञानबिकास सामुदायिक पुस्तकालय वडा नं ७ | ई पुस्तकालय संचालन र व्यबस्थापन | १००००० |
| | | जम्मा रु. | ४९००००० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९.११ | **खर्चको बिल भरपाई :** भौ..न ६१९/२०७६/०३/२९ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ उपनियम (३) मा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्ने प्रावधान रहेको छ । कार्यालयले कृषि तथा पशुपंक्षी विकास कार्यक्रम अर्न्तगत समर्पण कृषि तथा बचत सहकारीलाई अनुदान स्वरुप रु.१००००० खर्च लेखेको छ। उक्त खर्चलाइ पुष्ट्याई गर्ने प्रमाण कागजात श्रेस्तासाथ संलग्न नरही लेखापरीक्षणमा पेश हुन नआएकोले पेश हुनु पर्ने रु.. | १००००० |
| १०. | **बाल विकास सहजकर्ता पारिश्रमीक** : विद्यालय र विद्यालयसँग मातृ सम्वन्ध स्थापना गरी संचालन रहेको प्रारम्भीक बाल विकास केन्द्रका सहजकर्ताको पारीश्रमीक प्रति महिना रु.६००० का दरले चाडपर्व खर्च सहित १३ महिनाको हुन आउने रकम अनुदान दिदा सम्वन्धित विद्यालयले प्रमाणीत हाजिरी र सिफारीस पेश गर्नुपर्ने सम्वन्धीत विद्यालयको शैक्षिक तथ्याङ्क (IEMS) भर्दा प्रारम्भिक बाल कक्षाको तथ्याङ्क अनिवार्य रुपमा भर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/०७६ मा उल्लेख गरिएको छ । नगरपालीकाले उक्त विवरणहरु संलग्न नगरी पटक पटक गरी ३६ बाल विकास केन्द्रलाई सशर्त शिर्षकवाट रु.२८०८००० पारिश्रमीक खर्च लेखेको छ। नगरपालीकाले थप मासिक २५०० दिने निर्णय अनुरुप १३ महिनाको रु.११७०००० गरी कुल रु.३९७८००० भुक्तानी भएको छ । आफ्नो क्षेत्र अर्न्तगतको बाल विकास केन्द्रको एकिन गरी नगरपालीकाले अभिलेख अद्यावधिक गरी प्रगती प्रतिवेदन र हाजिरी विवरण संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ। | |
| १०.१ | **अनुदान :** शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा तयार गरिएको कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५/७६ को क्रियाकलाप न.२.१५.११.८४७ मा कक्षा १० संचालनमा रहेका प्रविधिक धारका विद्यालयलाई कक्षा ११ स्तरोन्नतीका लागि स्विकृत भए अनुसारको धार संचालन गरेको सुनिश्चतता कायम गरि ल्याव सहयोग अनुदान दिने, २.१५.११.७८९ मा ICT ल्याव व्यवस्थापनका लागि आवश्यक फर्निचर, कम्प्युटर/ उपकरण/ सफ्टवेयर/ विद्युतिय अन्तरक्रियात्मक श्रब्य दृश्य सामाग्री व्यवस्थापनका लागि विद्यालय छनौट गरी प्रति विद्यालय रु ६५००० अनुदान दिने, क्रियाकलाप नं २.१५.११.७९२ मा विज्ञान विषय र प्राविधिक धार संचालन भएका नमुना विद्यालयलाई प्रति विद्यालय ६५०००० विज्ञान प्रयोगशाला अनुदान दिने, क्रियाकलाप नं २.१५.११.७९७ मा पानी, स्वास्थ्य र सरसफाई सहितको शौचालय निर्माणको लागि विद्यालय छनौट गरि प्रति विद्यालय रु.७००००० अनुदान दिने एवं क्रियाकलाप न. २.१५.११.७८८ मा लाइब्रेरी नभएका र गत विगतमा अनुदान नपाएका विद्यालय छनौट गरी पुस्तकालय तथा व्यवस्थापन अनुदान प्रति विद्यालय ६५०००० दिने व्यवस्था छ । माथि उल्लेखीत कार्यहरु गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शनको प्रक्रिया अवलम्वन गरी गर्नुपर्ने र भौतिक निर्माण तथा शैक्षिक विकासको नियमित अनुगमन गरी सोको प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा उपलब्ध गराउने उल्लेख छ। निम्न | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विद्यालयलाई उल्लेखित कार्यको लागि नगरपालीका द्धारा निम्नानुसार अनुदान रकम सिधै विद्यालयको खातामा निकासा पठाइएको छ भने उक्त रकमबाट भए गरेको कार्यको अनुगमन र सोको प्रतिवेदन पेश भएको छैन । अतः निकासा लिई खर्च गर्ने विद्यालयले कार्यक्रम कार्यन्वयन पुस्तिकामा उल्लेख भए अनुरुप सार्वजनिक खरिद ऐन र नियमावली एवं विद्यालय खरिद दिग्दर्शनले स्पस्ट गरेको प्रक्रिया अवलम्वन गरी भए गरेका कार्यको पुष्ट्याई र प्रमाण पेश गर्नुपर्ने रु. | ४६००००० |

| भौ.न. /मिति | विद्यालयको नाम | विवरण | निकासा |
|---|---|---|---|
| ५१/२०७६/०१/०३ | भालचन्द्र मा.वि. पनौती, १ | विज्ञान प्रयोगशाला | ६५०००० |
| ५१/२०७६/०१/०३ | इन्द्रेश्वर मा.वि. पनौती, ५ | विज्ञान प्रयोगशाला | ६५०००० |
| ५१/२०७६/०१/०३ | शारदा मा.वि. पनौती, ९ | पानी स्वास्थ्य सरसफाई सहितको शौचालय निर्माण | ७००००० |
| ५१/२०७६/०१/०३ | वाल प्रकाश मा.वि.पनौती, १२ | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| ५१/२०७६/०१/०३ | कमलादेवी जनप्रीय मा.वि. | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| ५१/२०७६/०१/०३ | कुशादेवी मा.वि. पनौती, २ | शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोग | ६५०००० |
| ५१/२०७६/०१/०३ | भालेश्वर मा.वि. पनौती, ८ | शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोग | ६५०००० |
| | | जम्मा रु. | ४६००००० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०.२ | **औषधि खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढी लागत भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यम द्धारा खरिद गर्नुपर्ने, नियम ८५ (१) मा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बीस लाख रुपैयासम्मको औषधीजन्य मालसामान राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरी तोकेको बिक्री मुल्यमा सोझै खरिद गर्न सक्ने उल्लेख छ । नगरपालीकाले यो वर्ष औषधी र उपकरण खरिदमा रु.३७६३६७४।९२ खर्च गरेको छ। सो मध्ये रु.२८११८९४.१२ को औषधी वोलपत्रको माध्यम द्धारा खरिद गरिएको छ भने बाँकी ९५१७८०।८० को औषधी पटक पटक साझै खरिद गरेको छ । औषधी खरिद गर्दा एउटै प्याकेज बनाई वोलपत्रको माध्यम द्धारा खरिद गर्नु पर्नेमा पटक पटक सोझै खरिद गरिएको निम्नानुसारको रकम नियमसंम्मत नभएको रु.. | ९५१७८१ |

| भौ.न. मिति | विवरण | सप्लायर्सको नाम | रकम |
|---|---|---|---|
| १३९/२०७५/०८/२८ | औषधी | गौतम मेडिको फर्मा मध्यपुर, ठिमी | ४८९१९५ |
| ४५/२०७५/१२/१३ | औषधी | सेतिदेवी मेडिसीन सप्लायर्स, लोकन्थली | १७७५० |
| ५०/२०७६/०३/१३ | उपकरण | सुविसु मेडिसीन सप्लायर्स, काठमाण्डौ | ३०९९१३.८० |
| ८१/२०७६/०३/१३ | न्यानो झोला | सालघारी ईन्टरप्राइजेज प्रा.ली., टिकाथली | १३४९२२ |
| | | जम्मा रु. | ९५१७८०.८ |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०.३ | आर्थिक कार्यविधि नियमावली, २०६४ को ३६(३) मा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालीकाले प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुलाई स्वास्थ्य केन्द्रको सेवा सुदृढिकरण अर्न्तगत संघिय ससर्त को रु.१ लाख, स्थानीय तहमा भएको स्वास्थ्य संस्थाको सुशासन र सुदृढिकरण अर्न्तगत प्रदेश शसर्त तर्फको रु.१० लाख गरी रु.११ लाख निम्न स्वास्थ्य संस्थालाई अनुदान उपलब्ध गराएकोमा कार्यक्रम तथा क्रियाकलापको पुष्ट्याई सहितको खर्चको विल भरपाई पेश नभएको रु.. | ११००००० |

| स्वास्थ्य संस्थाको नाम | केन्द्रिय सशर्त | प्रदेश सशर्त | जम्मा रकम |
|---|---|---|---|
| प्रा.स्वा.के. खेपासी | १०००० | १००००० | ११०००० |
| प्रा.स्वा.के., सुन्थान | १०००० | १००००० | ११०००० |
| स्वास्थ्य चौकी, रयाले | १०००० | १००००० | ११०००० |
| स्वास्थ्य चौकी, कुशादेवी | १०००० | १००००० | ११०००० |
| स्वास्थ्य चौकी, तौखाल | १०००० | १००००० | ११०००० |
| स्वास्थ्य चौकी, सुब्बागाँउ | १०००० | १००००० | ११०००० |
| स्वास्थ्य चौकी, पनौती | १०००० | १००००० | ११०००० |
| स्वास्थ्य चौकी, मल्पी | १०००० | १००००० | ११०००० |
| स्वास्थ्य चौकी, बल्थली | १०००० | १००००० | ११०००० |
| स्वास्थ्य चौकी, भुभिडाँडा | १०००० | १००००० | ११०००० |
| जम्मा रु. | १००००० | १०००००० | ११००००० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०.४ | भौ.न.३८/२०७५।०६।१६ वडा.न.१२ मा वालमैत्री स्थानिय शासन वडा घोषणा कार्यक्रमको लागि विल भरपाई सहित रु.८५९७१४ भुक्तानी भएकोमा २०७५ जेठ ३१ र आषाढ १२ देखि १६ सम्म ६ दिनको वालवालीकाको स्थिति पत्र तयारी र वालमैत्री घोषणा पश्चातको दिगोपनाको लागि रणनीतिक योजनाको किताव तयारी वापत विष्णु प्रसाद चौवेलाई प्रतिदिन रु.९८०० का दरले कर कट्टी गरी रु.४९९८० भुक्तानी दिनुपर्नेमा ५८३१० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.. | ८३३० |
| १०.५ | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको वील भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । निम्नानुसार कार्यक्रमको लागी भएको निम्नानुसार भुक्तानीमा विल भरपाई पेश नभएको र भुक्तानी रकम भन्दा कम वील भरपाई पेश भएको पाइयो । नियमावलीको व्यवस्था अनुरुप कार्यक्रम भएको खर्च अनुरुप विल भरपाई पेश हुनुपर्ने रु. | ७३०१४ |

| भौ.न.मिति | कार्यक्रमको नाम | भुक्तानी रकम | वील भरपाई पेश | अपुग वील भरपाई |
|---|---|---|---|---|
| १०२ /२०७६/०३/२७ | नि: शुल्क स्वास्थ्य शिविर, IUCD plantसेवा, पोषण अभिमुखिकरण कार्यक्रम लगायत विभिन्न कार्यक्रम | ७५०११३ | ७३६११३ | १४००० |
| १२८ /२०७६/०३/३१ | विभिन्न क्याम्पस तथा विद्यालय क्षेत्रमा सोलार बत्ति जडान (स्मार्ट सोलार प्रा.ली) | १६३६००० (मु.अ.कर सहित) | १५९८००० (मु.अ.कर सहित) | ३८००० |
| ३८/२०७५/०६/१६ | वाल मैत्रि स्थानिय शासन वडा घोषणा, वडा १२ | ८५९७१४ | ८३८७०० | २१०१४ |
| | | | जम्मा रु. | ७३०१४ |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०.६ | ५२१।२०७६।०३।३१ : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायवाट कुनै तालीम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि संचालन गर्नुपर्दा कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराउनु पर्ने र यस्तो स्वीकृत कार्यक्रम अनुरुप संचालीत तालीम, सेमिनार, गोष्ठि, कार्यशाला गोष्ठि आदि सम्पन्न भई सकेपछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र खर्च गरिएका मालसामानको विवरण र विल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । सामुदायिक वन उपभोक्ता समुहको कार्ययोजना परमार्जन, विधान संशोधन र विभिन्न तालीम संचालन गर्ने सामुदायिक वन उपभोक्ता महासंघ नेपालले पेश गरेको रु १००२००० प्रस्तावना स्वीकृत गरी महासंघ र नगरपालीका वीच २०७५।१०।२५ मा संझौता भए अनुसार २५ वटा सामुदायिक वनको कार्य सम्पन्न गरेको, सामुदायिक वन सम्वन्धी कानुनी सचेतना तालिम, संस्थागत सुशासन तालीम एवं २५ वटा विधान तयारी तथा कार्य योजना परिमार्जन लगायतका कार्य गरेको विभिन्न खर्चको वील संलग्न गरि रु.८ लाख भुक्तानी गरिएकोमा रु.४१३५०० को विभिन्न तालीम सम्पन्न गरेको खर्चको विल भरपाई पेश भएको र बाँकी रु.३८६५०० को विभिन्न २५ सामुदायिक वन उपभोक्ता समुहको कार्ययोजना परिमार्जन एवं विधान संशोधन सम्वन्धी कार्यमा खर्च भएको वील भरपाई पेश भएको छ । कार्ययोजना तथा विधान संशोधन सम्वन्धी प्रतिवेदनहरु स्रेस्ता साथ पेश भएको छैन । उक्त कार्य भएको आधार सहितको प्रमाण र पुष्ट्याई पेश हुनुपर्ने रु.. | ३८६५०० |
| १०.७ | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ (क) मा फिज नहुने बजेट उपशिर्षक प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले तोकिदिने छ । फिज नहुने भनि तोकेको उपशिर्षकको हकमा बाहेक साल तमाम हुनु भन्दा कम्तिमा ७ दिन अगाडी सम्वन्धीत कार्यालयले भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्नेछ । यसरी आर्थिक कारोबार बन्द गरेपछि निकासा र खर्चको लेखा अद्यावधिक गरी बाँकी रहेको रकम सम्वन्धीत कार्यालयले सम्वन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । जसमा निम्नानुसार देखियो । | |
| १०.७.१ | नगरपालीका अन्तरगतका ३६ विद्यालयलाई जेठ र असारको आधारभुत र मा.वि. तहको शिक्षकको तलब, वाल विकास सहजकर्ता पारिश्रमीक, सहयोगी शिक्षक तलब र विद्यालय कर्मचारी तलब वापत रु.२१६०५६२५।७८ निकासा दिएकोमा वाल विकास सहयोगी शिक्षक तलबको लागि नगर कार्यपालिकाको निर्णयले विनियोजन गरेको नगरपालीका कोष तर्फवाट निकासा दिनुपर्ने रु.१७५००० समेत सशर्त तर्फवाट खर्च लेखिएकोले उक्त रकम सोधभर्ना प्राप्त गरी संघिय संचित कोष खातामा दाखिला गर्नुपर्ने रु. | १७५००० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| १०.७.२ | दिर्घकालीन सेवाका लागि सम्मान, Flex ब्यानर, दोसल्ला, प्रमाणपत्र, फ्रेम, सामाजीक सहयोग लगायत विविध कार्यक्रमको लागि नगर पालीकाको रु.१२०००० र सशर्त तर्फको रु.१६०००० गरि रु.२८०००० भौ.न.१९।२०७५।०८।१७ मा स्वास्थ्य संयोजक पुरुषोत्तम तिमल्सीनले सशर्त शिर्षकबाट पेश्की लिएकोमा ३९।२०७५।११।२१ मा सशर्त तर्फको रु.१६०००० कार्यक्रम संचालन गरेको बील भरपाई पेश गरि फछ्यौट गरेको छ भने बाँकी रहेको रु.१२०००० पेश्की बाकी रहेको देखिन्छ। सशर्त तर्फको खर्च नभै बाँकी रहेको रकम संघिय संचित कोष खातामा दाखिला गर्नुपर्नेमा पेश्की बाँकी राखिएकोले उक्त रकम निजसँग फिर्ता गरी संघिय संचित कोष खातामा दाखिला गर्नुपर्दछ। | |
| १०.८ | **तलबी प्रतिवेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) २ मा जिल्लास्थित सरकारी कार्यालयका निजामती कर्मचारीको तलब खर्च लेख्दा सम्वन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलबी प्रतिवेदन पारित गराउनुपर्ने व्यवस्था छ। नगरपालिकाले नगरपालीका स्वास्थ्य शाखा र अन्तरगतका प्राथमीक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीमा कार्यरत हे.अ., अ.हे.ब., अ.न.मी., मे.अ., जनस्वास्थ्य निरीक्षक र स्टाफ नर्सको तलबी प्रतिवेदन पारित नगराई रु.३३२४३९१७५० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगराई तलब खर्च लेखेको कारण कर्मचारीलाई भुक्तानी भएको ग्रेड रकम एकिन गर्न सकिएन। | |
| ११. | **प्रधानमन्त्री रोजगार कार्यक्रम :** स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन र सामुदायिक पुर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। नगरपालीकामा यो वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रु.३५२११०९।३३ खर्च भएको देखिन्छ।<br>प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २ (ट) मा बेरोजगार व्यक्तिलाई स्थानीय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा १३ (१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिमको प्राथमिकता क्रमका आधारमा काममा खटाउनु पर्ने व्यवस्था छ। नगरपालिकाले बेरोजगार व्यक्तिहरुको सुचिकृत गरि बेरोजगार परिचय पत्र वितरण गरेर प्राथमिकताको आधारमा कामका लागि पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा गरेको छैन। वडाको सिफारिशको आधारमा कामदारहरु छनौट गरि कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक बेरोजगार व्यक्तिहरुले रोजगारी प्राप्त गरे भन्ने आधार रहदैन। कार्यक्रममा सहभागी कामदारको ज्याला बैंकिङ् प्रणालीबाट भुक्तानी गर्ने अवस्था हुँदा हुदै त्यसो नगरी वडा अध्यक्षलाई वितरणको लागि नगदै दिएको पाईएकोले वितरण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन। आयोजना सञ्चालन पुर्व स्थानीय तहले प्राविधीक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा प्रतिवेदन संलग्न रहेको छैन। कानूनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत बेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर, रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागि पारिश्रमिक कार्यक्रमलाई विश्वासनिय र प्रभावकारी बनाउनु पर्दछ। | |
| | **सामाजिक सुरक्षा कार्यक्रम तर्फ** | |
| १२. | **बैकिङ्ग प्रणलीबाट नगदै वितरणमा फिर्ता :** विगत आ.ब.२०७३।७४ सम्म बैकिङ्ग प्रणाली मार्फत वितरण गर्दै आएको सामाजिक सुरक्षा भत्ता आ.व.२०७४।७५ देखि १२ वटै वडा कार्यालय मार्फत नगदै भुक्तानी गर्ने गरि वितरण कार्य गरेको देखियो। यसरी गरिएको कार्यलाई नियमसंम्मत मान्न सकिएन। यस तर्फ कार्यालयले यथाशिघ्र ध्यान दिइ समाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्ने देखिन्छ। | |
| १२.१ | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को दफा १० को उपदफा (१) मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीको फोटो सहितको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने र लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समय भित्र एमआइएसमा प्रविष्टि गर्नुपर्ने भनि लाभग्राहीको अभिलेख राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले योवर्ष १२ वडा कार्यालय मार्फत जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता रु.६९२९२४०० वितरण गरी खर्च लेखेको छ। यसरी वितरण गर्दा वडा कार्यालयहरुले कार्यविधिले गरेको व्यवस्था बमोजिम फोटो सहितको मूल अभिलेख किताव अद्यावधिक नगरेको व्यहोरा जानाकारी भयो। एमआइएस डाटालाई आधार मानी भुक्तानी गरेको छ। उक्त एमआइएस डाटा अद्यावधिक गराउदा के कति भरपर्दो तवरबाट गरिएको छ सोको स्पष्ट | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आधार र प्रमाण पेश हुन आएन । यसरी बितरण गरेको जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता यथार्थ र भरपर्दो किसिमबाट बितरण भयो भन्न सकिने देखिएन । यसमा सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्ने देखिन्छ । | |
| १२.२ | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ७ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयको स्वीकृती बेगर हातहातै नगद वितरण गर्न पाइने छैन भन्ने उल्लेख गरी बैंक मार्फत भत्ता वितरण गर्ने सम्वन्धी विविध व्यवस्था छ । नगरपालिकाले योवर्ष १२ वडा कार्यालय मार्फत जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता रु.६९२९२४०० वितरण गर्दा भर्पाइ मार्फत सबै वडामा नगदै वितरण गरेको देखियो । नगदै बितरण गर्दा निर्देशिकाको प्रावधान बमोजिम मन्त्रालयको स्वीकृती लिएको छैन । यसमा सम्बन्धित निकायले ध्यान दिनु पर्दछ । | |
| १२.३ | **लगत अद्यावधिक नगरी भुक्तानी :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १२ को उपदफा (१) वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीको संख्यात्मक विवरण प्रत्येक नगरपालिकाले पौष मसान्त भित्र अनुसुचि–७ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नु पर्ने प्रावधान छ । पनौती नगरपालिकाका १२ वडाले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगरी खर्च लेखेको पाइयो । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीको संख्या यकिन गर्न नसकिने साथै कार्यविधिको परिपालना समेत नगरेको पाइयो । नगरपालिकाले कार्यविधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १२.४ | **लाभग्राहीको नाम नवीकरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीले आगामी आ.व.मा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ को उपदफा (१) मा उल्लेखित समयावधि भित्र सम्वन्धित नगरपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने उल्लेख गरेकोमा नगरपालिकाले सोको परिपालना गरेको पाइएन । उल्लेखित व्यवस्था अनुसार अधिकाशं लाभग्राहीको नाम नबिकरण नगरि बिगत बर्षमा भत्ता पाई राखेकाहरुको नामावलीलाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरेको छ । अत: कार्यविधिको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| | **आन्तरीक आय तर्फः** | |
| १३. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरि प्रमाण राख्नुपर्ने व्यवस्था छ । कार्यालयले योवर्ष आन्तरिक आम्दानी रु.२८०३७०५२७.३६ गरेको बिवरण प्राप्त भएको छ । नगरपालिका कार्यालय र १२ वडा कार्यालयले नगरपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरु र बाकी रहेका रसिदको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०८, १०८(क) र (ख), १०९ र २३ लगायत निम्नानुसारका अभिलेख व्यवस्थित राखेको नदेखिदा वडा कार्यालयहरुबाट भएको आम्दानी यकिन गर्न सकिएन । यस सम्वन्धमा यथार्थता छानविन गरीनु पर्दछ । | |
| | • आन्तरीक आयमा प्रयोग हुने रसिदको छपाई, आम्दानी, खर्च र बांकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता ब्यवस्थित नरहेको,<br>• गत आ.व.मा छपाई भएका नगदी रसिद समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक नगरेको,<br>• वडामा पठाइएको रसिद र हाल रसिदको अवस्थाको सम्वन्धमा अभिलेख अद्यावधिक नभएको,<br>• कतिपय वडाले कार्यालयले उपलब्ध गराएको नगदी रसिद प्रयोग नगरेको,<br>• वडा कार्यालयमा समेत रसिद छपाई भएको खर्च नगरपालिकाले भुक्तानी गरेकोले प्रयोग भएका रसिदको खर्च तथा बाँकी स्थिती देखिने अभिलेख अद्यावधिक नगरेको,<br>• नगरपालिकाले एकिकृत कर प्रणाली Software प्रयोग गरी आय संकलन गरेकोमा वडा कार्यालयहरुमा समेत सोही अनुसार गर्नु पर्ने देखियो । | |
| १३.१ | आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ को उपदफा १ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा आएको सरकारी नगदको हकमा सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरि स्रेस्ता खडा गर्नुपर्ने र उपदफा ५ मा दाखिला गर्नुपर्ने त्यस्तो नगदी रकम बैक र कार्यालय बीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्न थप म्याद तोकिदिन सक्ने व्यवस्था छ । नगरपालीका स्थित १२ वडा कार्यालयहरुले सिफारीस दस्तुर, प्रशासनिक दण्ड जरिवाना लगायत वडावाट गरीने सवै प्रकारका आम्दानी सम्वन्धमा रसिद नियन्त्रण खाता, प्रयोग भएका रसिद र सो वापत भएको आम्दानीलाई | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लेखाङ्कन गरेको खाताहरु लेखापरीक्षणमा पेश हुन नआएकोले आम्दानी यकिन गर्न सकिएन । वडाहरुले आम्दानी गरेको रकम वैक दाखिला गर्दा कानूनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेको पाइयो । यस सम्वन्धमा कतिपय वडाध्यक्षवाट प्राप्त आम्दानी खर्च गरेको र कार्यालयबाट निकासा आम्दानी भएको रकमबाट खर्च सोधभर्ना हुने गरेको जवाफ प्राप्त भयो । यस प्रकार वडा कार्यलयहरुले गर्ने आम्दानीको नियन्त्रणको वातावरण कमजोर रहेको देखिएको हुँदा कानूनमा तोकिए बमोजिम आम्दानी र दाखिला भएको छ भनि आश्वस्थता हुन सकेन । यसमा सम्वन्धित निकाय र पदाधिकारीको ध्यान गई आवश्यक सुधार हुनुपर्दछ । | |
| १३.२ | नगरपालीका कार्यालयले प्राप्त गर्ने आम्दानीलाई सफ्टवेयर मार्फत रसिद जारि गरी आम्दानी गर्ने गरेको पाइयो । उक्त सफ्टवेयरले आम्दानीको दैनिक, मासिक र वार्षिक फाटवारी बनाउने गरेको देखिएन । रसिद नम्वर वाइज भएको आम्दानी समेत विश्लेषण गर्न सकिएन । उक्त सफ्टवेयरको साथै हार्डकपि रजिष्टरमा पोष्टिङ गरेको भएता पनि सफ्टवेयरले देखाएको आम्दानी र राजस्व शाखाको लेजरमा पोष्टिङ गरेको आम्दानी एक आपसमा मेल खान आएन । तसर्थ यसको यथार्थता समेत एकिन गरिनुपर्दछ । | |
| १३.३ | **आम्दानी ठेक्का सम्वन्धमा :** नगरपालीका क्षेत्र भित्रका स्वीकृत खानी ढुङ्गा, गिटी, ग्राभेल, माटो र काठको उत्पादन गरी विक्रि गर्न एक र उक्त उत्पादित बस्तु नगरपालीका बाहिर निकासी गर्न एक गरी २ ठेक्कावाट यो वर्ष रु.१७९१४४३४६।४१ (मू.अ.कर समेत) असुल भएको छ । जस्को परीक्षण गर्दा निम्न अनुसार देखियो । | |
| १३.३.१ | दुवै ठेक्का व्यवस्थापनको कार्य गर्दा नगरपालीका भित्र स्वीकृती लिएका खानी क्षेत्रवाट उत्पादन हुन सक्ने बस्तुहरु र आ.ई.ई. प्रतिवेदन समेतलाई आधार मानी लागत अनुमान तयारी र स्वीकृति गर्नुपर्नेमा उक्त ठेक्कामा सो बमोजीम लागत अनुमान तयार गरेको देखिन आएन । राजस्व परामर्श समितिले आ.ब. २०७५।०७६ मा खानीवाट विक्री र निकासी वापत रु.८ कारोड ५० लाख असुल गर्ने भनि निर्णय भए बमोजीम लागत अनुमान अंक कायम गरी ठेक्का आब्हानको कार्य गरिएको छ । यस प्रकार आब्हान गरेको ठेक्काको बोलपत्र सूचनामा स्विकृत प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित रकम भन्दा बढी नहुने गरी भनि उल्लेख गरिएको छ । उक्त (IEE) को स्वीकृत परिमाण के कति हो सोको ब्यहोरा बोलपत्र आब्हानको सुचना, विड डकुमेण्ट र सम्फौता आदिमा कहि कतै खुलेको पाइएन । तसर्थ यसमा सम्वन्धित निकायको ध्यान गई यथार्थता एकिन गरिनु पर्ने देखिन्छ । | |
| १३.३.२ | यस प्रकार व्यवस्थापन गरेको २ वटा ठेक्कावाट कुन कुन क्षेत्रवाट के कति परिमाण उत्पादन, विक्रि र निकासी गर्नुपर्नेमा के कति परिमाणमा भयो र सोको नियन्त्रण गर्ने वातावरण के रहेको छ सो सम्वन्धमा कुनै संयन्त्र तथा नियन्त्रणको वातावरण कायम गरेको देखिन आएन । यसमा सम्वन्धीत निकायको ध्यान जानु आवश्यक देखियो । | |
| १३.३.३ | प्रदेश नं. ३ बाट जारी भएको कर तथा गैरकर राजस्व सम्वन्धी ऐन, २०७५ को दफा १५ उपदफा (६) मा ढुंगा, गिटी, बालुवा, दहत्तर र बहत्तर संकलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम नगरपालिकाले स्थानीय संचित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गर्नुपर्ने प्रावधान छ । कार्यालयले देहाय बमोजिम निम्नानुसारका ठेक्कावाट गरेको आम्दानी ढुंगा, गिटी आदिको संकलन, विक्री, निकासी र सोको ढुवानीसंग सम्वन्धित भएको देखियो । यसप्रकार भएको आम्दानीको ४० प्रतिशत आम्दानी प्रदेश सरकारमा ऐन बमोजिम दाखिला गर्नुपर्ने देखिन्छ । कार्यालयले निम्नानुसार असुली गरेको रु.२४३१३७३६६.४० मा मू.अ.कर बाहेकको हुने रु.२१५१६५८११ को ४०% ले हुने रु.८६०६६३२४ आम्दानी प्रदेश सरकारलाई पठाउनु पर्नेमा लेखापरीक्षण अवधिसम्म पनि पठाएको नदेखिएको हुदा पठाउनु पर्ने रु.. | ८६०६६३२४ |

| ठेक्का नं. | ठेक्काको विवरण | असुली रकम |
|---|---|---|
| 1-IR-2075/76 | बैकल्पिक सडक निर्माणको लागी ढूंगा, रोडा, ग्राभेल, माटो दस्तुर ढुवानी शुल्क | ६३९९३००० |
| 2 र 3-IR-2075/76 | पनौती न.पा. क्षेत्र भित्रका खानी उत्खनन्का ढूंगा, रोडा, ग्राभेल, माटो बिक्री र निकासी वापत | १७९१४४३६६.४० |
| | जम्मा रु. | २४३१३७३६६.४ |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १३.४ | आम्दानी शिर्षक १४१५९ अन्य श्रोतवाट प्राप्त वाडफाड नहुने रोयल्टी शिर्षकमा यो वर्ष प्रति घनमीटर रु.२५ का दरले जम्मा रु.४४८७४८०।५० आम्दानी गरेको छ । नगरपालीका भित्र संचालीत स्वीकृत प्राप्त खानीहरु के कति रहेको हो सो को आधिकारीक रेकर्ड सम्म पनि नगरपालीकाले आद्यावधिक राखेको देखिएन । यसरी स्वीकृत प्राप्त खानीहरुले के कति परिमाणमा खानी जन्यवस्तु उत्पादन गरे सोको नियन्त्रण वातावरण र अभिलेख अद्यावधिक गरेको देखिएन । खानी संञ्चालकहरुले नगरपालीकामा राजस्व बुफाउन | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पेश गरेको विवरणको आधारमा राजस्व लिने गरेको पाइयो । यसबाट खानी संचालकरुले उत्पादीत वस्तुहरु विक्री र निर्यात गरेको र सो बमोजीम नगरपालीकाले असुल गर्ने विक्री शुल्क र निकासी शुल्कसँग मेलखाने देखिएन । जसले गर्दा खानी रोयल्टी, खानीवाट उत्पादीत वस्तु विक्री र निकासी वापत नगरपालीकाले आसुल गरेको शुल्क तथा दस्तुर सम्पुर्ण असुल भयो भन्न सकिने अवस्था देखिएन यस सम्वन्धमा सम्वन्धीत निकायवाट यथार्थता यकिन गर्नुपर्ने देखिन्छ । | |
| १३.५ | नगरपालिकाले आफ्नो भवन लगायतको सम्पत्तीहरु भाडामा लगाए वापत यो वर्ष रु.२६८१३२६।५३ आम्दानी प्राप्त भएको छ । उपलब्ध विवरण अनुसार निम्नानुसारका व्यक्तिले बुझाउनु पर्ने भाडा मध्ये निम्नानुसारको रकम लेखापरीक्षण अवधिसम्म प्राप्त भएको नदेखिएकोले असुल हुनुपर्ने रु..... | २२१३६० |

| नाम | रकम |
|---|---|
| राजकुमार श्रेष्ठ | ९१७६० |
| शिव कुमार प्रधान | १२९६०० |
| जम्मा रु. | २२१३६० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १४. | **बित्तिय जवाफदेहिता :** वित्तिय जवाफदेहिताको मुल्यांकन फाराम अनुसार लेखापरीक्षणको क्रममा नगरपालिकाको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन/विकास निर्माण सम्बन्धी विभिन्न (२०) सूचकको आधारमा समग्र मूल्याङकन् गर्दा कार्यालयले ६१ अंक प्राप्त गरी "B" ग्रेड प्राप्त गरेको छ । नगरपालिकाले बित्तिय जवाफदेहिता पूर्ण पालना गर्ने तर्फ थप ध्यान दिनु पर्ने देखिन्छ । | |
| १५. | **बेरुजू फछ्र्यौट तथा सम्परीक्षण स्थिती :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ बमोजिम कार्यालयले बेरुजू फछ्र्यौट गरि दफा १९ वमोजिम सम्परीक्षणको लागी अनुरोध गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले लेखापरीक्षणको क्रममा रु.१८ लाख ७२ हजार बेरुजू फछ्र्यौट गरि सम्परीक्षणको लागि पेश गरेकोमा निम्नानुसार रु.१३ लाख सम्परीक्षण गरिएको छ । कार्यालयमा बाकी रहेको बेरुजु नियमानुसार फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने देखिन्छ । | |

| आर्थिक बर्ष | बेरुजू दफा नं | फछ्र्यौटको व्यहोरा | फछ्र्यौट रकम |
|---|---|---|---|
| २०७४.७५ | ४६ | आर्थिक बर्षको अन्त्यसम्ममा फछ्र्यौट हुन बाँकी रहेको मध्ये निम्नानुसारको पेश्की देहाय बमोजिम फछ्र्यौट भएको बिलभर्पाई परीक्षण गरेको आधारमा संपरीक्षण भएको रु......... | १३००००० |

| भौ.नं. मिति | पेश्की लिनेको नाम | फछ्र्यौटको व्यहोरा | फछ्र्यौट रकम |
|---|---|---|---|
| १८/२०७५ /०६/०१ | उ.स.अ. जयराम मानन्धर | कार्य गरेको प्राबिधिक मूल्यांकन, प्रमाण कागजात र खर्चका बिल भरपाई पेश भएको आधारमा । | ८००००० |
| ४२/२०७५ /०६/१६ | ख.केशव कर्माचार्य | २०७५ आषाढ २७,२८ र २९ गतेको नगर सभाको बैठक, कार्यपालिकाको बैठकमा सदस्य लागयतलाई बैठक भत्ता र यातायात खर्च बुझाएको भपाई पेश भएको आधारमा । | ५००००० |
| | | जम्मा रु. | १३००००० |